ललितपुर महानगरपालिका
यल महानगरपालिका
Lalitpur Metropolitan City
Pulchowk, Lalitpur, Bagmati Province, Nepal

२०७८/०५/०३
ने.सं. ११४१ गुँलाथ्व द्वादशी

# प्रेस विज्ञप्ति

नेपालकै जेठो नगरपालिका ललितपुर महानगरपालिकाको मुख्य पहिचान र परिचय कला, संस्कृति र सम्पदा हुन् । २०७४ सालमा भएको निर्वाचनसँगै मूर्त र अमूर्त सम्पदा संरक्षणका लागि ललितपुर महानगरपालिकाले नीति निर्माण गर्दै कार्यान्वयन पक्षलाई प्रभावकारी रुपमा अघि बढाएर महानगरभित्रका जीर्ण कयौं मूर्त सम्पदाको संरक्षण र पुननिर्माण कार्य अघि बढाइरहेको छ ।

ललितपुर महानगरपालिकाको कुपण्डोल – जावलाखेल सडक खण्डको पुल्चोकस्थित कि.नं.३२७ मा पर्ने समय् फल्चा पाटी ऐतिहासिक सम्पदा हो । दुई सय वर्ष भन्दा पुरानो उक्त पाटी समयको कालखण्डसँगै जीर्ण भई २०२९ सालमा भत्किएपछि पुनर्निर्माण गर्नु उचित ठहर गर्दै २०५७ सालमा समय् फाल्चा पाटी पुनर्निर्माण समितिले पुनर्निर्माणको काम शुरु गर्न लाग्दा पुनर्निर्माणमा रोक लगाउँदै पाटीसँगै जग्गा भएका जग्गाधनी अनिलराज भण्डारीले मुद्दा दायर गरेका थिए ।

पुरातत्व विभागको सिफारिस, जिल्ला प्रशासन कार्यलयको सहमति समेतका आधारमा तत्कालिन ललितपुर उपमहानगरपालिकाले पाटी पुनर्निर्माण गर्न दिने ठहरसहित निर्णय गरेको थियो । सो निर्णय विरुद्ध तत्कालिन पुनरावेदन अदालतलमा निवेदन दायर गरिएको थियो । २०६० साल भाद्र १० गते पुनरावेदन अदालत पाटनले तत्कालिन उपमहानगरपालिकाको निर्णय सदर गर्ने गरी निवदेन खारेज गरेको थियो ।

नगरपालिकाको निर्णय विरुद्ध अनिलराज भण्डारीले (लालीगुराँस सहकारी भवनका पूर्व घरजग्गा धनी) सर्वोच्च अदालतमा समेत पुनः मुद्दा दायर गरेका थिए । सोही विषयमा सर्वोच्च अदालतमा समेत मुद्दा दायर गरिएको थियो । उक्त मुद्दामा सर्वोच्च अदालतबाट मिति २०६५। ०४ । १९मा फैसला गरिएको थियो। सो फैसालमा - "निवेदकले निवेदनमा ललितपुर उप महानगरपालिकाको मिति २०६०/०१/०६ को निर्णय सार्वजनिक हित र सरोकार विपरित भएको भनि सार्वजनिक सडक ऐन २०१९, स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४९, १५०, १५२, १५३, १५४, १५५ , १५६, १५९ , मुलुकी ऐन अ.बं.३५ र काठमाडौं उपत्यका नगर विकास समितिको मापदण्ड २०५० विपरित भएको भन्ने देखिन्छ । यसका साथै निवेदकले के बुझ्न जरुरी छ भने प्राचीन स्मारक संरक्षण ऐनले परिभाषा गरेको पाटी पौवा, मन्दिर सत्तल, पुराना भवनहरु जीर्ण भई भत्काई त्यसलाई पुनर्निर्माण, मर्मत सम्भार गर्दा उल्लेखित कुनै कानुन लागू हुँदैन । नयाँ संरचना भवन निर्माण गर्दा उल्लेखित ऐन लागू हुन्छ । निवेदनमा धेरै ऐनहरुको दफा उल्लेख गरेर मात्रै हुँदैन । त्यसमा आफ्नो कानुनी हक के होसो स्थापित गरी हक देखाउन सक्नुपर्छ । निवेदकबाट सो गरेको देखिएन । साबिकको पाटी भत्की पुनः निर्माण गर्दा आपत्ति गर्ने निवेदकलाई कुनै हक प्राप्त हुँदैन ।" भनि व्याख्या गर्दै रिट निवेदन खारेज गरि उक्त विषय अन्तिम भएर रहेको अवस्था छ । साथै पाटी पुनर्निर्माण गर्न रोक्न मिल्ने आधार नभएको उल्लेख गरिएको छ ।

ललितपुर महानगरपालिकाको नगरसभाले उक्त पाटी पुनर्निर्माणका लागि आर्थिक वर्ष ०७७/०७८ मा बजेट विनियोजन गरी सम्पदा संरक्षणको काम अघि बढाउने निर्णय गरेको थियो ।

यसै सन्दर्भमा लालीगुराँसका शेयर होल्डरका नाताले अमृतकुमार अर्याल निवेदक भई महानगरपालिका समेतलाई विपक्षी बनाएर पाटी निर्माण रोक्का गरीपाउँ भनि उच्च अदालतमा रिट दायर गरेको र सो रिटमा उच्च अदालतले २०७८/०१/०६ गते कि.नं. ३२७ को पूर्व तर्फ रहेको सिमा रेखा उत्तर दक्षिण तर्फ रहेका अन्य पाटीहरुको सिमा रेखासँग समानान्तर रहेको देखिएकाले अन्तिरम आदेश जारी गरिरहनुपर्ने नदेखिएको भनि आदेश जारी गरेको थियो । पुन: लालिगुराँस सहकारीका स्थानीय कर्मचारीहरु समेत निवेदक भई सर्वोच्च अदालतमा सोही विषयमा पाटी पुनर्निर्माण रोक्का गरी पाउँ भनि निवेदन दर्ता गरिएको थियो । सो निवेदनमा २०७८/ ०४/१७ गते सम्मानित अदालतको संयुक्त इजलासबाट कि.नं ३२७ को जग्गा पुल्चोक-जावलाखेल मूल सडक भित्र नपर्ने भएको, सो जग्गामा पाटी पुनर्निर्माण गर्दा सडक पेटी (पैदल मार्ग) मा असर पर्ने अवस्था नरहेको, तसर्थ मूल सडक र पैदल मार्ग यथावत कायम रहने गरी सडक मापदण्ड विपरित नहुने गरी सत्तल (पाटी) निर्माण गर्न लागेको विषयमा सो कार्य हुन दिनबाट रोक्ने गरी अन्तरिम आदेश जारी गर्न मिलेन, निमयअनुसार गर्नु ' भनि आदेश जारी भएको छ ।


यसका साथै, जिल्ला प्रशासन कार्यालय ललितपुरले २०७८ भदौ १ गते आदेश कार्यान्वयन सम्बन्धमा ललितपुर महानगरपालिकालाई पत्र पठाएको थियो । उक्त पत्रको व्यहोरामा भनिएको छ, 'सम्मानित उच्च अदालत पाटन ललितपुर र सर्वोच्च अदालतको संयुक्त इजलासको आदेश अनुरुप कार्यान्वयनका लागि आदेशानुसार अनुरोध छ ।'


सर्वोच्च अदालत र जिल्ला प्रशासन कार्यलय ललितपुरको आदेशलाई आधार मानेर ललितपुर महानगरले २०७८ भदौ ३ गते पाटी पुनर्निर्माणका लागि शिलान्यास कार्यक्रम राखेको थियो । तर, श्री ललितपुर जिल्ला अदालतबाट २०७८ भदौ २ गते अन्तरकालिन आदेशको जानकारी प्राप्त भएकाले अदालतको आदेशको सम्मान गर्दै शिलान्यास कार्यक्रम हाललाई स्थगित गरिएको जानकारी गराउँदछु ।

(यसै साथ सर्वोच्च अदालतको फैसला लगायतका सामग्री संलग्न गरिएको छ ।)


चिरीबाबु महर्जन
प्रमुख









**SAMPLES OF WINDOWS AND TUNDALS TO E USED IN THE NEW HISTORICAL PATI**





**STATUES TO BE REESTABLISHED ON THE WALL PROPOSED HISTORICAL PATI**




**FRONT ELEVATION OF SITE WITH EXISTING PATI,**
**At Pulchowk Bus Stop nearby Ashok Stuppa**

सर्वोच्च अदालत संयुक्त इजलाश
माननीय न्यायाधीश श्री वलराम के.सी.
माननीय न्यायाधीश श्री ताहिर अली अन्सारी

फैसला

सम्वत् २०६० सालको रिट नं.२९७३

ललितपुर जिल्ला, ललितपुर उप-महानगरपालिका वडा नं.३ अनिल राजभण्डारी---१ निवेदक

विरुद्ध

ललितपुर जिल्ला, ललितपुर उप-महानगरपालिका, पुलचोक-------------------१
ऐ.को कार्य संचालन समिति-----------------------------------------------१
ऐ.को प्रमुख कोमल प्रसाद काफ्ले ------------------------------------------१
ऐ.को ओभर साइट कमिटी -----------------------------------------------१
ऐ.नगरपालिका वडा नं.३ स्थित रहेको पाटी (समेफल्चा) पुनः निर्माण समिति---१
ऐ.का सदस्य ऐ.ऐ.बस्ने श्याम मलेकु-------------------------------------१
ऐ.का सचिव ऐ.ऐ.बस्ने राजेन्द्र महर्जन ----------------------------------१
ऐ.का सदस्य ऐ.ऐ.बस्ने लोक वहादुर शाक्य-------------------------------१
ऐ.का सदस्य ऐ.ऐ.बस्ने लक्ष्मी महर्जन -----------------------------------१ विपक्षी

विषय :- उत्प्रेषण, परमादेश लगायतको उपयुक्त आज्ञा, आदेश पूर्जि जारी गरी पाउँ ।

नेपाल अधिराज्यको संविधान २०४७ को धारा २३ र ८८(२) बमोजिम दायर हुन आएको प्रस्तुत निवेदनको संक्षिप्त तथ्य एवं ठहर निर्णय यस प्रकार रहेको छ :-

ललितपुर जिल्ला, ललितपुर उप-महानगरपालिका वडा नं.३ को कि.नं.४५६ को क्षेत्रफल ०-४-०-० घरजग्गा म निवेदकको निर्विवाद हक भोग दर्ता स्वामित्वको घरजग्गा हो । उक्त जग्गामा घर वनाउन नक्सा पास गर्ने सिलसिलामा पूर्वतर्फ आफ्नै केहि जग्गा छाडी सोदेखि पूर्व सार्वजनिक वाटो देखाई पेश गरी नक्सा पास स्वीकृति लिई पूर्व मोहडाको घरमा पूर्वतर्फ मूल प्रवेशद्वारा राखी सोहि पूर्वतर्फको सार्वजनकि वाटोवाट आर्वत-जावत गरी वसिआएको र अन्य सर्वसाधारण समेत सोहि सार्वजनकि जग्गावाट

आवत-जावत गरिआएको अवस्थामा श्री ५ को सरकारको नाउँमा दर्ता रहेको कि.नं.३२७ को जग्गामा विपक्षी कथित पाटी (समे फल्चा) पुनः निर्माण समितिका सदस्य हौं भन्ने विपक्षीहरुले उक्त जग्गामा साविक मलेखु श्रेष्ठहरुले निर्माण गरेको निजी गुठी पाताल भएकोले पुनः निर्माण गर्न नक्सा पास गरी पाउं भनी दर्खास्त दिंदा ललितपुर उप-महानगरपालिकाले सार्वजनिक बाटोको जग्गा देखिएकोले निर्माण स्वीकृत दिन नमिल्ने भन्ने मिति २०५९।६।२५ मा निर्णय भई अन्तिम रहेको छ । यसैबीच विपक्षी समितिका सदस्य हौं भन्ने श्याम मलेकु समेतका व्यक्तिहरु आई डोरी टाग्ने कार्य थालेकोले स्थानिय जन समुदायहरुले सरकारको नाउँमा रहेको सो जग्गा सडक मापदण्डभित्र पर्ने हुंदा कुनै निर्माण कार्य गर्न हुँदैन भनी अवरोध गर्दा प्रहरीद्वारा हस्तक्षेप गरी बल प्रयोग गरी पाटी निर्माण कार्य जसरी भए पनि गरेरै छाड्ने भन्ने भएकाले निर्माण कार्य रोकी पाउन निषेधाज्ञाको निवेदन पुनरावेदन अदालतमा दर्ता गरी मिसिल र ललितपुर नगरपालिकाको निर्णय समेत झिकाई उक्त कि.नं.३२७ को जग्गामा निवेदकको हक नरहको भनी २०६०।५।१० मा निषेधाज्ञाको निवेदन खारेज गरे उपर सम्मानित अदालतमा पुनरावेदन गर्ने नै छु । यसरी विपक्षी ललितपुर उप-महानगरपालिकाले मिति २०५९।६।२५ मा सडकको जग्गा देखाई कुनै निर्माण स्वीकृत दिन नमिल्ने भनी निर्णय गरी निर्णय अन्तिम भइरहेको अवस्थामा सरकारको नाउँमा दर्ता रहेको सडकको जग्गा व्यक्तिको निजी गुठी कायम गरिदिने गरी नगर विकास समितिले निर्धारण गरेको मापदण्ड विपरित सडक विभाग, पुरातत्व विभागले समेत कुनै निर्माण गर्न नमिल्ने भन्ने पत्राचार गरिरहेकै अवस्थामा वेवास्ता गरी ललितपुर उप-महानगरपालिकाले व्यक्ति विशेषको निजी गुठीको हक सृजना हुने गरी मिति २०६०।१।१९ मा गरेको निर्माण सार्वजनिक हित र सरोकारको विपरित हुँदा नेपाल अधिराज्यको संविधान २०४७ को धारा ११, सडक ऐन, २०१९, स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १४९, १५०, १५२, १५३, १५४, १५५, १५६, १५९ मुलुकी ऐन, अ.वं.३५ तथा काठमाडौं उपत्यका नगर विकास समितिको मापदण्ड विपरित हुँदा सबै निर्णय बदर गराउने अन्य प्रभावकारी उपचारको बाटो नहुँदा नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३, ८८(२) अन्तर्गत यो निवेदन लिई उपस्थित भएको छु ।

काठमाडौं उपत्यका नगर विकास समितिले प्रकाशित गरेको मापदण्डभित्र रहेर मात्र निर्माण स्वीकृत प्राप्त हुने विवादितस्थल आर्टोरियल सडक अन्तर्गत पर्ने सडकको केन्द्रदेखि दुवैतर्फ ११ मिटरसम्म निर्माण कार्य गर्न नमिल्ने प्रष्ट छ । कानूनी हैसियतविहिन

कथित समितिलाई पाटी निर्माण गर्न स्वीकृत दिने भन्ने विपक्षी ए.ओ.सी.को सिफारिस एवं विपक्षी कार्य समितिको निर्णय पूर्णतः कानून विपरित न्यायिक परम्परा एवं पुरिपाटी विपरित हुनुको साथै क्षेत्राधिकारविहिन छ । श्री ५ को सरकारको नाउँमा दर्ता प्रमाणित रहेको जग्गाको हक हस्तान्तरण गर्ने अधिकार केवल मालपोत ऐन, २०३४ का दफा ८ ले मालपोत कार्यालयलाई मात्र छ । स्थानीय स्वायत्त शासन ऐन, २०५५ को दफा १५०, १५२ ले हक भोगको निस्साको पेश गर्नुपर्ने व्यवस्था छ । पुरातत्व विभाग र सडक विभाग समेत विवादित जग्गमा पाटी निर्माण गर्ने स्वीकृत दिएको छैन । स्थानीय स्वायत्त शासन ऐन, २०५५ वमोजिम निस्सा प्रमाण पेश दाखिला गर्न नलगाई पाटी निर्माण गर्न अनुमति दिने गरी भएको विपक्षी ऐ.ओ.सी.को निर्णय एवं विपक्षी ललितपुर उप-महानगरपालिकाको निर्णय दुराग्रहयपूर्ण छ । सार्वजनिक रुपमा प्रयोग भइआएको जग्गा व्यक्ति विशेषको निजी गुठी संचालन गर्ने प्रयोजनार्थ पाटी निर्माण गर्ने अनुमति दिई जग्गाको स्वामित्व र हक नै हस्तान्तरण हुने गरी निर्णय गर्ने कानूनी हक एवं अधिकार विपक्षी उप-महानगरपालिकालाई नहुँदा नहुँदै मापदण्ड मिचि भएको मिति २०६०।१।१९ को निर्णय त्रुटीपूर्ण र न्यायका मान्य सिद्धान्त समेतको खिलाफमा हुँदा सो निर्णय एवं सो संग सम्वन्धित सम्पूर्ण काम कारवाही नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३, ८८ (२) अन्तर्गत उत्प्रेषणको आदेशद्वारा बदर गरी श्री ५ को सरकारको नाउँमा दर्ता रही मापदण्ड अनुसार सडक बाटोको जग्गा बाटोकै रुपमा यथावत् कायम राख्नु भन्ने परमादेशको आदेश जारी गरी संवैधानिक एवं कानूनी हक प्रचलन गराई पाउँ । साथै उक्त निर्णयको कार्यान्वयन गरी नक्सा पास गरी पाटी निर्माण भएमा निवेदक र श्री ५ को सरकारलाई समेत अपुरणीय क्षति पुग्न जाने र गैरन्यायिक क्रियाले निरन्तरता पाउने स्थिति हुँदा प्रस्तुत निवेदनको अन्तिम टुङ्गो नलागेसम्म २०६०।१।१९ को निर्णय कार्यान्वयन नगर्नु, नगराउनु र उक्त कि.नं.३२७ को जग्गामा पाटी निर्माण कार्य नगर्नु, नगराउनु भनी सर्वोच्च अदालत नियमावली, २०४९ को नियम ४१ वमोजिम विपक्षीहरुको नाउँमा अन्तरिम आदेश जारी गरी पाउँ भन्ने रिट निवेदन जिकिर ।

यसमा के कसो भएको हो ? निवेदकको मांग वमोजिमको आदेश किन जारी हुनु नपर्ने हो ? आदेश प्राप्त भएका मितिले वाटाका म्याद वाहेक १५ दिनभित्र लिखित जवाफ लिई आफै वा आफ्नो प्रतिनिधिद्वारा उपस्थित हुनु भनी रिट निवेदनको १ प्रति नक्कलसाथै राखी विपक्षीलाई सूचना दिई लिखति जवाफ आएपछि वा अवधि नाघेपछि नियम वमोजिम पेश गर्नु भन्ने यस अदालत एक न्यायाधीशको इजलाशको मिति २०६०।६।१ को आदेश ।

पाटी निर्माण कुनै व्यक्ति विशेषको निर्माण कार्य नभई साविकदेखि भई रहिआएको सार्वजनिक एवं पुरातत्वीक महत्वको पाटी भएकोले त्यसको संरक्षण सवर्द्धन गर्नु यस नगरपालिका लगायतको विपक्षीहरुको समेत दायित्व रहे भएको हुँदा सो वमोजिम अन्य कुनै पनि कुरालाई असर नपर्ने गरी निर्धारित मापदण्डको अधिनमा निर्माणको लागि दिएको अनुमतिको आधारमा हुन लागेको निर्माण रोकिन पर्ने कुनै कानूनी आधार भएको नभएको हेर्ने तथा पुरातात्वीकवाट समेत सांका स्वीकृति भए वमोजिमको निर्माण अनुमतिको काम कारवाही गैरकानूनी नभएको तथा कानून बमोजिम यस नगरपालिका बोर्ड समक्ष र ए.ओ.सी.समेतले यसै खालको विवादमा राय परामर्श गर्न सक्ने हुँदा कानून बमोजिम स्थानिय स्वायत्त शासन ऐन, २०५५ को दफा १५९ नं.बमोजिम मुद्दाका सम्वन्धमा उजुरीलाई कारवाही गर्न सक्ने नै हुँदा सो वमोजिम पर्न आएको निवेदन उजुरी उपर भएको यस न.पा.वोर्डको निर्णय विल्कुल कानून सम्मत भएकोले विपक्षी हकदैयाविहिन रिट निवेदन निरर्थक हुँदा खारेज गरी पाउँ भन्ने समेत ललितुर उप-महानगरपालिका तथा ऐ.ए.ओ.सी.तर्फबाट अख्तियार प्राप्त प्रमुख वुद्धिराज वज्राचार्य र ऐ.को सचिव कोमलप्रसाद काफ्लेको संयुक्त लिखित जवाफ रहेछ।

विपक्षीले नक्सा पास भई वनाएको भनी जिकिर लिएको कि.नं.४५६ मा स्वीकृत नक्सा र मापदण्ड विपरित्त अटेर गरी घर निर्माण गरेको हुँदा ललितपुर उप-महानगरपालिकावाट मिति २०५७।९।१७ मा छ। सो घर भत्काउने गरी भएको निर्णयलाई घुमाउरो तवरले प्रभावहिन पारी कि.नं.३२७ को जग्गातर्फ मोहडाको भन्ने ठहर गराउन प्रस्तुत रिट निवेदन दिन ल्याई सत्य तथ्य लुकाई सार्वजनिक रुपमा राख्ने भनिएको पाटी सम्वद्ध निकायको स्वीकृति र सिफारिसमा कानूनको मापदण्डको प्रकृया पुराई गर्न लागिएको सार्वजनिक काममा विपक्षीले गुमराहपूर्ण जिकिर लिई हचुवाको भरमा रिट दिन ल्याउन भएको छ। आफ्नो घरको मोहडा छेकिने र सर्वसाधारणलाई आवत-जावतमा वाधा पुग्ने भएकोले कि.नं.३२७ को जग्गमा कुनै निर्माण नगर्नु भनी निषेधाज्ञाको माग गरी पुनरावेदनमा निवेदन दर्ता भएकोमा निषेधाज्ञा जारी नभई निवेदन खारेज भएपछि यस अदालतमा पुनरावेदन गर्नु भएको हुँदा एउटै विषयमा सोहि कुरालाई उठाई रिट दिन ल्याउनु भएको छ। नयाँ पाटी वनाउन लागेको नभई भत्की पाताल भएको पाटीलाई सम्वन्धित निकायहरुको स्वीकृति र सहमति लिई वनाउन लागिएको हुँदा कि.नं.३२७ को जग्गा एकलौटी भोग चलन गर्ने दुराशय राखी दिन ल्याएको रिट जारी हुन पर्ने होइन। अतः उक्त कि.नं.३२७ को जग्गामा विपक्षीको कुनै हकै नभएको र हक पुग्ने श्री ५ को

सरकारमा स्थानीय निकाय र विभागले पाटी निर्माण गर्न दिएको सहमति र सिफारिसकर्तालाई केहि भन्न नसकि दुराशययुक्त र हकदैयाविहिन रिट निवेदन खारेज गरी पाउँ भन्ने समेत पाटी निर्माण समितिको तर्फबाट र आफ्नो हकमा समेत तत्कालीन समितिका अध्यक्ष श्याम मलेकु, ऐ.का सचिव राजेन्द्र महर्जन, सदस्य लोक बहादुर शाक्य, ऐ.का सदस्य लक्ष्मी महर्जनको संयुक्त लिखित जवाफ रहेछ।

यसमा यसै विषयको २०६० सालको दे.पु.नं.८५७८ को पुनरावेदक अनिल राजभण्डारी विपक्षी समे फल्चा (पाटी) पुन: निर्माण समिति समेत भएको निषेधाज्ञा मुद्दा यसै अदालतमा विचाराधीन हुंदा संगै हेरिन उपयुक्त हुने भनी निवेदक पक्षबाट छलफलमा जिकिर लिएको सो मुद्दा समेत साथै पेश गर्नु भन्ने संयुक्त इजालशको मिति २०६२।२।१६ को आदेश।

यसमा कि.नं.३२७ को जग्गा सडक पेटी र सडकमा परेको हुंदा कुनै निर्माणको लागि स्वीकृत दिन नमिल्ने भनी मिति २०५९।६।२ मा ललितपुर उप-महानगरपालिकाबाट भएको निर्णय सहितको सक्कल मिसिल र उक्त किनं.३२७ को जग्गामा पाटी निर्माण गर्न स्वीकृत दिने गरी सोही उप-महानगरपालिकाबाट मिति २०६०।१।१९ मा भएको निर्णय सहितको सक्कल मिसिल झिकाई आएपछि नियमानुसार पेश गर्नु भन्ने यस अदालत संयुक्त इजलाशको मिति २०६३।६।२६ को आदेश।

यसमा निवेदकले ललितपुर उप-महानगरपालिका वडा नं.३ कि.नं.४५६ को जग्गामा घर निर्माण गर्न मिति २०५५।६।८ मा नक्सा पास गरेको भनिएको नक्सा पास गरेको फाइल ललितपुर उप-महानगरपालिकाबाट झिकाई लगाउको मुद्दासाथै राखी नियमानुसार गरी पेश गर्नु भन्ने मिति २०६४।६।३५ को आदेश।

- नियम बमोजिम आजको पेशी सूचमा चढी पेश हुन आएको प्रस्तुत रिट निवेदनमा निवेदककातर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ता श्री श्याम खरेल र विद्वान अधिवक्ताहरु श्री सुरेन्द्र कुमार खड्का तथा श्री इन्द्र खरेलले विपक्षीहरुबाट निर्माण हुन लागेको समे फल्चा पाटी नगर विकास समितिबाट निर्धारित मापदण्ड विपरित रहेको छ। सार्वजनकि सडकको जग्गा मिची र सर्वसाधारणलाई समेत असुविधा पुग्ने गरी निजी गुठीको रुपमा प्रयोग गर्न मिल्ने होइन। निवेदकको घरको मोहडा समेतमा बाधा पुग्ने गरी निर्माण हुन लागेको उक्त कार्य र विपक्षीहरु भएका निर्णय समेत उत्प्रेषणको आदेशद्वारा बदर गरी कुनै निर्माण कार्य नगर्नु भनी परमादेश जारी हुनु पर्दछ भन्ने र विपक्षी उप-महानगरपालिकाको तर्फबाट विद्वान अधिवक्ता श्री रमेश कुमार रोक्काले

नगरपालिकाले सार्वजनिक सडकमा कुनै अवरोध पुऱ्याएको छैन । साविकदेखि रहिआएको पुरातात्वीक महत्वको पाटी संरक्षण गर्न मापदण्डभित्रै रहि निर्माण कार्य गर्न लागिएको हुँदा रिट जारी हुनुपर्ने होइन भन्ने र विपक्षी पाटी निर्माण समितिको तर्फबाट विद्वान अधिवक्ता श्री कमल बोगटीले सम्वन्धित निकायको सहमती लिई र मादपण्डभित्र रहि निर्माण हुन लागेको कार्यबाट निवेदकको हक हनन् भएको छैन । एउटै विषयमा पटक-पटक रिट दिन मिल्ने समेत होइन रिट खारेज हुनुपर्दछ भनी गर्नु भएको बहस जिकिर समेत सुनियो ।

यसमा विवादको मुख्य विषय ललितपुर उप-महानगरपालिका वडा नं.३ को कि.नं.३२७ को सरकारको नाउँमा दर्ता रहेको जग्गामा पाटी निर्माण गर्न दिने गरी ललितपुर उप-महानगरपालिका मिति २०६०।१।१९ मा गरेको निर्णयले निवेदकको घरको मोहडा छेकिने साथै घरमा आवत जावत गर्ने प्रवेशद्वारा वन्द हुने हुँदा निवेदकको व्यक्तिगत हक हित र सार्वजनिक हक हित समेत विपरित भएकोले कि.नं.३२७ को जग्गामा पाटी पुनः निर्माण गर्न दिने मिति २०६०।१।१९ को ललितपुर उप-महानगरपालिकाको निर्णय उत्प्रेषणको आदेशद्वारा वदर गरी पाउँ भन्ने निवेदकको मुख्य माग देखिन्छ ।

प्रस्तुत निवेदनमा देहायका विषयमा निर्णय दिनुपर्ने देखियो ।

(क) प्रस्तुत निवेदन गर्ने निवेदकलाई हकदैया पुग्छ, पुग्दैन ।

(ख) निवेदक सफा हात (Clean Hand) लिई आएको छ, छैन ?

(ग) विवादित कि.नं.३२७ को जग्गामा पुनः निर्माण गर्न दिने ललितपुर उप-महानगरपालिकाको मिति २०६०।१।१९ को निर्णय वदर गर्नुपर्ने हो होइन ?

सर्वप्रथम पहिलो प्रश्न अर्थात् निवेदकको हकदैया (Locus Standie) तर्फ विचार गर्दा यसै लगाउको निषेधाज्ञा लगायतका अन्य मुद्दाहरुको मिसिल हेर्दा पुनरावेदन अदालत पाटनको आदेश अनुसार मिति २०६०।४।९ गते प्रस्तावित पाटी निर्माणस्थल, निवेदकको कि.नं.४५६ को जग्गा तथा घर आदि समेतको नक्सा भएको देखिन्छ । उक्त नक्सा अनुसार निवेदकको जग्गा न.नं.४ को कि.नं.४५६ देखिन्छ, निवेदकको घर सोही कित्तामा बनेको देखिन्छ । निवेदकको उक्त जग्गाको ठिक दक्षिणतर्फ न.नं.९ को लाक्षी टोल जाने सार्वजनिक बाटो देखिन्छ । निवेदकको घर पनि न.नं.९ को लाक्षी टोल जाने सडकको मोहडापट्टि फर्की सडकसंग जोडी बनेको देखिन्छ । निवेदकको कि.नं.४५६ जग्गाको ठिक पूर्वतर्फ सोसंग साँध जोडिएको प्रस्तावित पाटी पुनः निर्माण हुने न.नं.६ कि.नं.३२७ को

सार्वजनिक सरकारी जग्गा देखिन्छ जहाँ प्रस्तावित पाटी निर्माण हुन लागेको भन्ने देखिन्छ । नक्सा मुचुल्काको न.नं.६ को ठिक उत्तर न.नं.१ मा कि.नं.३२६ मा ढलान भएको पाटी रहेको देखिन्छ । न.नं.१ को कि.नं.३२६ को पाटीसंगै जोडिएको दक्षिणपट्टि न.नं.६ कि.नं.३२७ पाटी पुनः निर्माण हुने जग्गा देखिन्छ । सोही कि.नं.३२७ मा पाटी पुनः निर्माण गर्ने पाटी (समे फल्चा) पुनः निर्माण समितिले गर्ने भन्ने मिसिलबाट देखिन्छ । निवेदकले पाटी पुनः निर्माण समिति कानून बमोजिम दर्ता नभएको भन्न जिकिर गरी पाटी पुनः निर्माणमा अवरोध खडा गर्न खोजिएको भन्ने प्रष्ट देखिन्छ । साविकको पाटी भत्कीएपछि पुनः निर्माण गर्न कुनै समिति नै चाहिँदैन । सरकारले निर्माण गरिदिन सक्छ, गा.वि.स.ले निर्माण गरिदिन सक्छ, नगरपालिकाले निर्माण गरिदिन सक्छ, विदेशी दातृ राष्ट्रले निर्माण गरिदिन सक्छ, कुनै श्रद्धालु धार्मिक व्यक्ति वा संस्थाले निर्माण गरिदिन सक्छ, स्थानीय वासिन्दा मिलि आपसी श्रमदान र चन्दाबाट निर्माण हुन सक्छ ।

तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७ को धारा २३ र ८८(२) अन्तर्गत यस अदालतमा असाधारण अधिकारक्षेत्र अन्तर्गत उपचार माग्न आउने निवेदकले विवादको विषयमा निवेदकको के कस्तो र कसरी कानूनी हक स्थापित भएको छ सो कुरा निर्विवाद अकाट्य र शंकारहित तवरले अदालतलाई देखाउन सक्नुपर्छ । विवादको विषयमा निर्विवाद र अकाट्य रुपले हक स्थापित भएको देखाई सकेपछि मात्र अब कसले कसरी निवेदकको त्यस्तो हक हनन् गर्‍यो सो प्रमाणित गर्न सक्नु पर्छ, त्यति गरेपछि मात्र अर्थात् विवादित विषयमा आफ्नो निर्विवाद हक स्थापित भएको देखाई सकेपछि मात्र अदालतले धारा २३ अनुसारको निवेदनलाई entertain गरी अदालत सन्तुष्ट भएमा मात्र धारा ८८(२) वा वर्तमान अन्तरिम संविधान, २०६३ को धारा १०७(२) अन्तर्गत आदेश जारी गरी हनन् भएको हक प्रचलन गराइदिन्छ । निवेदकले के बुझ्न जरुरी छ भने प्रचलित कानून वा संविधान बमोजिम निर्विवाद र अकाट्य रुपले स्थापित भै रहेको हक हनन् भएमा मात्र धारा ८८(२) बमोजिमको आदेश जारी हुन सक्छ । हकै नभएको व्यक्तिले कथित हक वा विवादित हकमा हक छ भनी व्यक्तिगत स्वार्थको आधारमा धारा २३ र ८८(२) उल्लेख गरी निवेदन दर्ता गरेको भरमा यस अदालतले आदेश जारी गरी हक सृजना गराउने होइन । विवादको विषयमा निवेदन गर्नेको निर्विवाद हक स्थापित भैरहेको हुनुपर्छ ।

अब यस प्रसंगमा हेर्दा न.नं.१ को कि.नं.३२६ को पाटी र न.नं.६ कि.नं.३२७ को प्रस्तावित पाटी पुनः निर्माण हुने जग्गा सरकारी जग्गा भन्ने शंकारहित तवरले प्रमाणित भएको कुरालाई निवेदकले मानेको देखिन्छ । कि.नं.३२७ को जग्गा निवेदकले आफ्नो हो

भनी दावी नगरि नक्सा हुंदा जिरह समेत गर्न सकेको देखिदैन । पुनरावेदन अदालत पाटनबाट भएको मिति २०६०।४।९ को नक्साको न.नं.६ का सम्वन्धमा "पक्ष विपक्षीवीच विवाद परेको कि.नं.३२७ को जग्गा भनी देखाएको विवादित स्थान" भनि उल्लेख गरेको देखियो । यहां के कुरा स्पष्ट हुन जरुरी देखिन्छ, भने कि.नं.३२७ को उक्त जग्गाको Ownership स्वामित्व अर्थात् धनीको बारेमा निवेदक र विपक्षीवीच विवादको विषय होइन । कि.नं.३२७ को जग्गा सरकारी सार्वजनिक जग्गा भन्नेमा विवाद छैन । कि.नं.३२७ को जग्गामा पाटी पुनः निर्माण हुन सक्ने हो होइन सो मात्र निवेदकले विवाद बनाएको देखिन्छ । निवेदकले बिना आधार व्यक्तिगत स्वार्थको लागि पाटी पुनः निर्माणमा विवाद झिकेको देखियो । प्रथम दृष्टिमा नै यो बुझ्न आवश्यक छ कि कि.नं.३२७ को जग्गा निवेदकको नभई सरकारी स्वामित्वको जग्गा भन्ने निर्विवाद भएको र सरकारी जग्गा भएको कारण निवेदक लगायत सर्वसाधारण नागरिकले सार्वजनिक प्रयोजनको लागि जो सुकैले प्रयोग गर्न सक्ने कि.नं.३२७ को जग्गामा पाटी पुनः निर्माण गर्ने विषयमा कुनै प्रकारको वाहाना गरी कुनै प्रकारको मुद्दा गर्ने हक निवेदकलाई कुनै नेपाल कानूनले प्रदान गर्दैन यसमा विवाद हुन सक्दैन । यो कुरा निवेदकले बुझ्न जरुरी छ ।

कि.नं.३२७ को जग्गामा आफ्नो हक नभएको कारण पाटी पुनः निर्माणलाई निवेदकले बढो चतुराईसंग सार्वजनिक सरोकारको बिवाद बनाउन प्रयत्न गरेको देखिन्छ । निवेदनमा निर्माण कार्यमा कतै पुरातत्व विभागको स्वीकृति नभएको भन्ने कुरा गरेको देखिन्छ । कतै पाटी पुनः निर्माण गर्न सडक विभागको स्वीकृति लिन पर्नेमा स्वीकृति नलिएको भन्ने कुरा गरेको देखिन्छ भने कतै सडकको केन्द्रदेखि दुवैतर्फ ११ मिटरसम्म स्थायी निर्माण गर्न स्वीकृति दिन नमिल्ने भन्ने कुरा उठाएको देखिन्छ, जुन कुरा उठाउने हक निवेदकलाई कुनै कानूनले दिंदैन ।

साबिक पाटी भएको ठाउँमा पुरानो पाटी भत्केपछि, त्यसै ठाउँमा पुनः नयाँ पाटी बनाउने काम Public spirited काम हो अर्थात् सार्वजनिक हितको काम हो । त्यस्तो काम जो सुकैले गरोस् पाटी बनाउने काम सार्वजनिक हितको लागि गरिन्छ । पाटी पुनः बनाउन निवेदनमा उल्लेख भए अनुसार ललितपुर उप-महागनरपालिका वडा नं.३ स्थित पाटी (समे फल्चा) पुनः निर्माण समितिबाट थालनी हुन लागेको भन्ने निवेदनको प्रकरण ३ बाट देखिन्छ । निवेदकको उक्त प्रकरणबाट नै कि.नं.३२७ मा साविकमा पाटी रहेको भन्ने देखिएको भन्ने उल्लख छ । साविकमा पाटी रहेको भन्ने कुरा कि.नं.३२७ संग जोडिएको त्यसको उत्तर सिमानाको कि.नं.३२६ मा हाल पनि पाटी देखिएकोले कि.नं.३२७ मा

साविकमा पाटी रहेको भन्ने प्रमाणित हुन्छ । यसरी सरकारी सार्वजनिक जग्गामा
साबिकमा पाटी रहेकोमा उक्त पाटी भत्केको कारण अब स्थानीय वासिन्दा वा जो कोहीले
साबिकको पाटीको बदला त्यहि ठाउँमा अर्को पाटी निर्माण गर्दछन् भने त्यस्तो विवाद
सार्वजनिक सरोकारको विवाद हुन सक्तैन र पाटी पुनः निर्माण सम्वन्धमा निवेदकलाई
कुनै प्रश्न उठाउने हक हुँदैन । निवेदकको कि.नं.४५६ संग कि.नं.३२७ जोडिएको वा
निवेदकको घरको पूर्व मोहडा छेक्ने भन्ने जस्तो व्यक्तिगत स्वार्थको कारणले सार्वजनिक
जग्गामा सार्वजनिक आम नागरिकले प्रयोग गर्ने साविकको पाटीको ठाउँमा पाटी पुनः
निर्माण गर्ने काम सार्वजनिक सरोकारको विवाद बन्दैन ।

पाटी पुनः निर्माण गर्न कानूनी बमोजिम दर्ता भएको वा नभएको जुनसुकै पाटी
निर्माण समितिले गरोस् वा कुनै एक व्यक्तिले वा कुनै परिवारले गरोस् वा कसैले चन्दा
दिएर बनोस् त्यस्तो विषय सार्वजनिक सरोकारको विवाद पनि बन्दैन र त्यसमा आंपत्ति
बाधा विरोध गर्ने हक पनि निवेदकलाई हुँदैन यो कुरा निवेदकले बुझ्न पर्छ । निवेदकले के
बुझ्नु पर्छ भने सार्वजनिक सरकारी जग्गामा निजी वा व्यक्तिगत घर निर्माण हुन्छ भने
वा ऐतिहासिक वा पौराणिक र धार्मिक पाटी पौवा मन्दिर भएको जग्गा व्यक्तिगत नाउँमा
दर्ता हुन्छ र त्यस्तो जग्गामा व्यक्तिगत निजी घर निर्माण हुन्छ भने त्यस्तो अवस्थामा
सार्वजनिक सरोकारको विवादको विषयवस्तु हुन सक्छ तर निवेदन हेर्दा कि.नं.३२७ मा
पुनः निर्माण हुने प्रस्तावित पाटी सरकारी जग्गामा बन्न लागेको र त्यहाँ साविकमा पाटी
भएको कारण त्यहाँ कुनै सडक मापदण्ड वा पुरातत्वको सहमती लिन पर्ने वा सडकको
केन्द्रदेखि यति मिटर उति मिटर आदि कुनै प्रश्न उठ्न सक्दैन । अतः पहिलो प्रश्नका
सम्वन्धमा कि.नं.३२७ मा बन्ने प्रस्तावित पाटी पुनः निर्माणका सम्वन्धमा निवेदकलाई कुनै
पनि मुद्दा गर्ने हक हुँदैन र पाटी पुनः निर्माण गर्ने विषय सार्वजनिक सराकोरको विवादको
विषय पनि बन्न सक्दैन । निवेदकलाई यस विषयमा कुनै अदालतमा मुद्दा गर्ने हक हुँदैन ।
Locus Standie को अभावमा प्रस्तुत निवेदन खारेज हुन्छ ।

अब दोश्रो प्रश्नतर्फ विचार गर्दा, तत्कालीन नेपाल अधिराज्यको संविधान, २०४७
को धारा २३ र धारा ८८ र वर्तमान अन्तरिम संविधानको हो भने धारा ३२ र धारा १०७
(२) को व्यवस्था संविधान वा कुनै नेपाल कानूनले दिएको कसैको संवैधानिक वा कानूनी
हक गैरकानूनी तरिकाले अपहरण भएकोमा त्यसरी अपहरित व्यक्तिको अपहरित हक
प्रचलन गराउने व्यवस्था हो, यो व्यवस्था यस अदालतको असाधारण अधिकारक्षेत्र अन्तर्गत
पर्दछ । यस अदालतले सो असाधारण अधिकारक्षेत्र अन्तर्गत प्रदान गर्ने उपचार बहुत

प्रभावकारी र शसक्त उपचार हो । यो अदालत देशके सवभन्दा माथिल्लो अदालत भएकोले अन्य मुद्दाहरुमा यस अदालतले Original Juridiction ग्रहण नगरी Appelate Juridiction ग्रहण गर्दछ तर यस अदालते धारा ८८(२) अथवा वर्तमान संविधानको हो भने धारा १०७ (२) अन्तर्गतको अधिकारक्षेत्र ग्रहण गर्दा Original Juridiction नै ग्रहण गर्दछ सो हुनको तात्पर्य नागरिकलाई संविधानले दिएको मौलिक हक वा कानूनी हक हनन्मा सुलभ र प्रभावकारी उपचार प्रदान गर्नका लागि हो । धारा ८८(२) तथा वर्तमान संविधानको हो भने धारा १०७(२) को असाधारण अधिकारलाई न्यायिक पुनरावलोकन भनिन्छ । यसरी अदालतले धारा ८८(२) को असाधारण अधिकारक्षेत्र अन्तर्गत उपचार प्रदान गर्न निवेदन लिई आउनेको निर्विवाद हक अर्थात् Undisputed Legal वा Constitutional Right स्थापित भएको हुनुपर्ने पहिलो अनिवार्य तत्व हो । यदि हक भए पनि त्यस्तो हकमा तेरो मेरो प्रश्न खडा भई Disputed हक अर्थात् हकमा नै विवाद उठी विवादित हक रहेछ भने धारा ८८ (२) अनुसार असाधारण अधिकारक्षेत्रबाट उपचार प्राप्त हुन सक्दैन । सो न्यायको मान्य सिद्धान्त नै हो ।

धारा ८८(२) को उपचार प्राप्त गर्न निवेदक सफा हात लिएर कुनै तथ्य नलुकाई यस अदालतको असाधारण अधिकारक्षेत्रमा प्रवेश गरेको हुनुपर्छ यति सम्मकी धारा ८८(२) को असाधारण अधिकार Equity Juridiction भएको कारण आफूलाई प्रतिकूल असर (adverse effect) पर्ने कुरा पनि अदालत सामु देखाउनुपर्छ । भनिन्छ One who comes on Equity must come with clear Hand, अर्थात् असाधारण अधिकार अन्तर्गत उपचार माग्न आउनेले सफा र स्वच्छ हात लिएर अदालतमा आउनुपर्छ असाधारण अधिकार क्षेत्रका सम्वन्धमा यो मान्य सिद्धान्त हो । निवेदक सफा र स्वच्छ हात लिएर साच्चे नै Public Cause को लागि प्रस्तुत निवेदन गरेको होकि होइन भनी हेर्दा निवेदक स्वच्छ र सफा हात अर्थात् Clean Hand लिएर आएको देखिंदैन । व्यक्तिगत फाइदा Private Benefit का लागि सार्वजनकि सरोकारको Public Interest को नाममा प्रस्तुत निवेदन गर्न आएको देखिन्छ सो कुरा कसरी स्थापित र प्रमाणित हुन्छ भने निवेदकको कि.नं.४५६ को जग्गामा बनेको घरको मोहडा नै पूर्व फर्केको र निवेदकको कि.नं.४५६ बनेको घरको सडकसम्मको Access नै कि.नं.३२७ भएर जानु पर्ने गरी नक्शा पास गरी घर बनाएको हुंदा कि.नं.३२७ मा पाटी निर्माण गर्दा निवेदकको घरको मोहडा पनि वन्द हुने र मूल सडकसम्मको Access पनि वन्द हुने भन्ने खालको निवेदन लेखाईले गर्दा कि.नं.३२७ को पाटी निर्माण गर्दा निवेदकको मूल सडकसम्मको Access नै बन्द हुने रहेछ भन्ने अदालतलाई प्रभाव

पार्न खोजेको स्पष्ट देखिन्छ । निवेदकले सत्य व्यहोरा लुकाई सफा हात नलिई प्रस्तुत निवेदन गरेको भन्ने कुरा पुनरावेदन अदालत पाटनले गरेको मिति २०६०।४।९ को नक्शाबाट र मिसिल संलग्न निवेदकको कि.नं.४५६ को जग्गामा घर निर्माण गरेको नक्सा पास समेतबाट देखिन्छ । निवेदकको कि.नं.४५६ को जग्गाको दक्षिण साँध लाक्षी टोल जाने बाटो स्पष्ट देखिन्छ । निवेदको कि.नं.४५६ मा बनेको घर पनि न.नं.९ लाक्षी टोल जाने बाटोतर्फ मोहडा गरी बनेको नक्शाबाट स्पष्ट देखिन्छ । कि.नं.४५६ को दक्षिण लाक्षी टोल जाने सडक जोडिएको छ भने कि.नं.४५६ को पूर्व कि.नं.३२७ को पाटी पुन: निर्माण हुने भनेको जग्गा र त्यसको पनि पूर्व न.नं.८ को मूल सडकको पेटी र त्यसपछि मात्र न.नं.८ को मूल सडक देखिन्छ । सो कुरा अदालतबाट भएको नक्शा र नापीको नक्शा दुवैबाट देखिएको कुरा हो । न.नं.९ को लाक्षी टोल जाने सकड न.नं.८ को मुल सडकसंठ जोडिएको हुँदा न.नं.६ कि.नं.३२७ मा पाटी पुन: निर्माण हुँदा कि.नं.४५६ को Access बन्द हुँदैन ।

यत्तिका प्रमाण हुंदा हुंदै पनि निवेदकको कि.नं.४५६ मा बनेको घरको पूर्वतर्फ मूल प्रवेशद्वारा र सडकसम्मको Access बन्द हुने भन्ने गलत र भ्रामक कुरा निवेदनमा उल्लेख गरेको देखिन्छ । एकछिनलाई निवेदकको नक्शा पास गर्दा निवेदकले कि.नं.४५६ को पूर्वतर्फ मूल प्रवेशद्वारा देखाई नक्सा पास गरेको भए पनि सो निवेदकको व्यक्तिगत कुरा हो र निजी विषय हो । निवेदकको व्यक्तिगत स्वार्थ र फाइंदाका लागि न.नं.६ किनं.३२७ को सरकारी सार्वजनिक जग्गा निवेदकले हडप गर्न सक्दैन ।

पुनरावेदन अदालतबाट भै आएको नक्सामा निवेदकको कि.नं.४५६ को जग्गाको उत्तर न.नं.१ मा हाल पनि पाटी देखिएको कि.नं.४५६ को दक्षिणतर्फ न.नं.९ लाक्षी टोल जोन बाटो देखिएको सो बाटोको दक्षिणतर्फ न.नं.८ संग जोडिएको न.नं.११ कि.नं.३४० पनि पाटी खडा रहिरहेको देखिएको हुंदा माथि उल्लेखित प्रमाणहरुबाट समेत न.नं.६ कि.नं.३२७ को क्षेत्रफल ०-१-०-२ जग्गा साविकको पाटी रहेको भन्ने प्रामणित भएकोमा निवेदको कि.नं.४५६ को प्रवेशद्वारा वा प्रवेश मार्ग न.नं.९ लाक्षी टोल जाने सार्वजनिक बाटो हुंदाहुंदै कागजातबाट प्रमाणित भएको व्यहोरा ढाँटी लुकाई सार्वजनिक विवादको मुद्दा हो भन्ने प्रभाव पार्न प्रयत्न गरेको प्रमाणित भएकोले प्रस्तुत रिट निवेदन स्वच्छ र सफा हात लिई आएको देखिएन । अत: स्वच्छ र सफा हात नलिई नक्शा जस्तो महत्वपूर्ण अकाट्य प्रमाण समेत बङग्याइ प्रस्तुत निवेदन गरेकोले हक अधिकारको अभावका साथै

व्यहोरा ढाँटी लुकाई Clean Hand ले नआएको आधारमा समेत प्रस्तुत निवेदन खारेज हुने ठहर्छ ।

अब तेश्रो प्रश्नतर्फ विचार गर्दा, ललितपुर उप-महानगरपालिकाले न.नं.६ कि.नं.३२७ को क्षेत्रफल ०-१-०-२ जग्गामा पाटी निर्माण गर्न दिएको अनुमति वदर हुनुपर्छ भनी निवेदकले माग गरेको देखिन्छ । कि.नं.३२७ को जग्गा निवेदकको हक स्वामित्वको भए वा ललितपुर उप-महानगरपालिकाले निवेदकको कि.नं.४५६ को जग्गाभित्र पर्ने गरी पाटी निर्माण गर्न दिने गरी अनुमति दिएको भए त्यस्तो अवस्थामा निवेदकको निवेदन गर्ने हक पुग्ने थियो होला तर हाल त्यस्तो अवस्था नभई अहिले पनि कि.नं.३२७ को उत्तर पनि पाटी कायम रही रहेको दक्षिण पट्टी कि.नं.३४० न.नं.११ मा पनि पाटी कायम रही रहेको यि दुई पाटीको बीचको जग्गाको साविकमा पाटी रहेको जग्गामा साविककै क्षेत्रफलको जग्गामा पाटी वनाउने अनुमति दिने ललितपुर उप-महानगरपालिका निर्णयमा कुनै त्रुटी देखिएन र उक्त निर्णय वदर गर्न माग गर्ने अधिकार निवेदकलाई कुनै कानूनले नदिएको हुँदा ललितपुर उप-महानगरपालिकाको कि.नं.३२७ को जग्गामा पाटी निर्माण गर्न दिने ललितपुर उप-महानगरपालिकाको मिति २०६०।१।९ को रितपूर्वकको निर्णय वदर हुन सक्दैन । विपक्षी नं.५ को पाटी समेफल्चा पुन: निर्माण समितिले कि.नं.३२७ जग्गामा पाटी पुन: निर्माण गर्न सक्छ

निवेदकले निवेदनमा ललितपुर उप-महानगरपालिकाको मिति २०६०।१।९ को निर्णय सार्वजनिक हित र सरोकारको विपरित भएको भनि सार्वजनिक सडक ऐन, २०१९, स्थानिय स्वायत्त शासन ऐन, २०५५ को दफा १४९, १५०, १५२, १५३, १५४ १५५, १५६, १५९, मुलुकी ऐन अ.वं.३५ र काठमाडौं उपत्यका नगर विकास समितिको मापदण्ड २०५० विपरित भएको भनेको देखिन्छ । यसको साथै निवेदकले के वुझ्न जरुरी छ भने प्राचीन स्मारक संरक्षण ऐनले परिभाषा गरेको पाटी पौवा, मन्दिर, सत्तल, पुराना भवनहरु जिर्ण भई भत्काई त्यसलाई पुन: निर्माण, मर्मत सम्भार गर्दा उल्लेखित कुनै कानून लागू हुँदैन । नयाँ संरचना भवन निर्माण गर्दा उल्लेखित ऐन लागू हुन्छ । निवेदनमा धेरै ऐनहरुको दफाको उलंघन गरेर मात्र हुँदैन । त्यसमा आफ्नो कानूनी हक के हो सो स्थापित गरी हक देखाउन सक्नु पर्छ । निवेदकवाट सो गरेको देखिएन । साविकको पाटी भत्की पुन: निर्माण गर्दा आपत्ति गर्ने निवेदकलाई कुनै हक प्राप्त हुँदैन । अत: सरकारी सार्वजनिक जग्गामा साविकदेखि भएको पाटीको वदला सार्वजनकि जनताले घाम पानीमा ओत लाग्ने, विश्राम गर्ने पाटी निर्माण हुँदा सार्वजनिक हित हुने र निवेदकको कुनै हक

हनन् नहुने हुंदा सो विषयमा मुद्दा गर्ने हक पार्टी पुनः निर्माण जस्तो पुनित काममा बाधा विरोध गर्ने हक समेत निवेदकलाई कुनै नेपाल कानूनले वा संविधानुले नदिएको हुंदा निवेदकको हक हनन् हने भन्ने प्रश्न नै भएन । तसर्थ प्रस्तुत निवेदन खारेज हुने ठहर्छ । दायरीको लगत कट्टा गरी मिसिल नियमानुसार बुझाई दिनु ।

न्यायाधीश

उक्त रायमा सहमत छु ।

न्यायाधीश

इजलाश अधिकृत : गायत्रीप्रसाद रेग्मी
कम्प्यूटर टाइप : अमिररत्न महर्जन
इति सम्वत् २०६५ साल वैशाख १२ गते रोज ५ शुभम्-----------------------------

सर्वोच्च अदालत, संयुक्त इजलास

माननीय न्यायाधीश श्री ईश्वरप्रसाद खतिवडा

माननीय न्यायाधीश श्री तेजबहादुर के.सी.

आदेश

०७८-WO-००३७

मुद्दाः- उत्प्रेषणसमेत।

रोमन महर्जन समेत.................................................................................४ निवेदक

विरूद्ध

नेपाल सरकार, मन्त्रीपरिषद्, प्रधानमन्त्री तथा मन्त्रिपरिषदको कार्यालय, सिँहदरबार समेत...................................................................................७ प्रत्यर्थी

निवेदकका तर्फबाट उपस्थित हुनुभएका विद्वान् वरिष्ठ अधिवक्ता श्री प्रकाशबहादुर के.सी., विद्वान् अधिवक्ता श्री सुदिप पौडेल, प्रत्यर्थी ललितपुर महानगरपालिकाको तर्फबाट उपस्थित हुनुभएका विद्वान् अधिवक्ताहरु श्री खगेन्द्रप्रसाद वस्ती, श्री लोकबन्धु पौडेल, श्री रविन्द्रनाथ अर्याल तथा प्रत्यर्थी नेपाल सरकारको तर्फबाट उपस्थित हुनुभएका विद्वान् उपन्यायाधिवक्ता श्री श्यामप्रसाद दाहालले गर्नुभएको वहस समेत सुनियो।

यसमा कि.नं. ३२७ को जग्गा कुपण्डोल जावलाखेल मूल सडक भित्र नपर्ने भएको, सो जग्गामा पाटी पूनर्निर्माण गर्दा सडक पेटी (पैदल मार्ग) मा असर पर्ने अवस्था नरहेको भनी प्रत्यर्थी तर्फबाट जिकिर प्रस्तुत हुन आएको देखियो। तसर्थ मूल सडक र पैदल मार्ग यथावत कायम रहने गरी अर्थात् सडक मापदण्ड विपरीत नहुने गरी सत्तल (पाटी) निर्माण गर्न लागेको विषयमा सो कार्य हुन दिनबाट रोक्ने गरी अन्तरिम आदेश जारी गर्न मिलेन। नियमानुसार गर्नू।

न्यायाधीश न्यायाधीश

इति संवत् २०७८ साल साउन १७ गते रोज १ शुभम् .......................................।

श्री

उच्च अदालत पाटन

संयुक्त इजलास

माननीय न्यायाधीश श्री अच्युत विष्ट

माननीय न्यायाधीश श्री महेन्द्रनाथ उपाध्याय

इजलास नं. ७

आदेश

०७७-WO-०८४३

अमृत कुमार अर्याल........................................................................................ निवेदक

विरुद्ध

नेपाल सरकार मन्त्रिपरिषदको कार्यालय सिंहदरबार समेत...............................८ विपक्षी

मुद्दाः उत्प्रेषण।

प्रस्तुत निवेदनमा निवेदकको तर्फबाट उपस्थित विद्वान वरिष्ठ अधिवक्ताद्वय श्री शम्भु थापा र श्री चण्डेश्वर श्रेष्ठ, विद्वान अधिवक्ताद्वय श्री माधव कुमार बस्नेत र श्री रत्न अवाले, विपक्षी ललितपुर महानगरपालिकासमेतको तर्फबाट उपस्थित विद्वान अधिवक्ताद्वय श्री खगेन्द्र प्रसाद वस्ती र श्री लोकबन्धु पौडेल तथा नेपाल सरकार मन्त्री परिषदको कार्यालयसमेतको तर्फबाट उच्च सरकारी वकिल कार्यालय पाटनका सहायक न्यायाधिवक्ता श्री युवराज शर्माले गर्नु भएको बहससमेत सुनियो।

यसमा, अन्तरिम आदेशलाई निरन्तरता दिने वा नदिने सम्बन्धमा छलफलका लागि पेश हुन आएको प्रस्तुत निवेदन अध्ययन गरी निर्णय तर्फ हेर्दा, सम्वत् २०६२ सालको दे.पु नं. ७७८६ को निषेधाज्ञाको निवेदनमा श्री सर्वोच्च अदालतबाट मिति २०६५।११।१२ मा भएको फैसलामा विवादित जग्गामा समे फल्चा पाटी निर्माण गर्न सम्बन्धित नगरपालिकाबाट स्वीकृत भइसकेको स्थितिमा पुनरावेदनमा उल्लेख भए अनुसार सार्वजनिक नागरिकहरुले उपयोग गर्ने बाटोमा अवरोध हुन सक्ने आशंका रहेको भन्न सकिने अवस्था नभएबाट निषेधाज्ञाको आदेश जारी गर्न नमिली निवेदन खारेज गर्ने गरेको पुनरावेदन अदालत पाटनको मिति २०६१।५।९।४ को आदेश मिलेकै देखिंदा सदर हुने ठहर्छ भनी उल्लेख भएको पाइयो। ललितपुर महानगरपालिकाको वार्षिक नगर विकास योजनामा दावीको योजनाको शिर्षक नै समे फल्चा निर्माण गर्ने नभई पुनर्निर्माण गर्ने भन्ने उल्लेख भएको देखियो। बहसको दौरानमा इजलास समक्ष पेश भएको नापी नक्सा हेर्दा दावीको कि.नं. ३२७ को पुर्व तर्फ रहेको सीमा रेखा उत्तर दक्षिण तर्फ रहेका अन्य कित्ता जग्गाहरुको सीमा रेखा संग

समानान्तर रुपमा रहेको देखिएको यस अवस्थामा ललितपुर महानगरपालिकाबाट प्राचिन रुपमा नै निर्माण भई पाताल भएको समे फल्चा पाटीको पुनर्निर्माणसम्म गर्न लागेको देखिंदा प्रस्तुत निवेदनमा अन्तिम निर्णय हुँदाका बखत सोही बमोजिम हुने नै हुँदा हाल यस अदालतबाट मिति २०७७।१२।२४ मा जारी भएको अल्पकालिन अन्तरिम आदेशलाई निरन्तरता दिनुपर्ने अवस्था विद्यमान रहेको देखिन आएन। नियमानुसार गर्नू।

न्यायाधीश

न्यायाधीश

इति सम्वत २०७८ साल वैशाख महिना ०६ गते रोज २ शुभम् ......................

नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
स्थानीय प्रशासन/गुनासो/संघ-संस्था शाखा
ललितपुर

फ्याक्स: ०१-५५२३०५१
फोन: ०१-५५२११६५, ०१-५५५२८४४
०१-५५५५४७५ (प्र.जि.अ.)
०१-५५३५१२९ (स.प्र.जि.अ.)
ईमेल: daolalitpur5@gmail.com
वेभसाइट: www.daolalitpur.moha.gov.np

पत्र संख्या :- ०७८/०७९
चलानी नम्बर :- ४१६
प्राप्त पत्र संख्या र मिति :-

"सबल निजामती प्रशासन : विकास, समृद्धि र सुशासन"

मितिः २०७८।०५।०१

श्री ललितपुर महानगरपालिका
नगरकार्यपालिकाको कार्यालय
पुल्चोक ललितपुर ।

विषयः आदेश कार्यान्वयन सम्बन्धमा ।

प्रस्तुत विषयमा तहाँ नगरपालिका कार्यालयको च.नं. ६ मिति २०७८/०४/३२ को पत्रको व्यहोरा अवगत भयो ।

सो सम्बन्धमा त्यस नगरपालिकासँग सम्बन्धित सम्मानित उच्च अदालत पाटन ललितपुरको ०७७-WO-०८४३ र सर्वोच्च अदालतको संयुक्त इजलासको ०७८-WO-००३७ को उत्प्रेषण समेतको अन्तरिम आदेश बमोजिम सम्मानित अदालतको आदेश अनुरुप कार्यान्वयनका लागि आदेशानुसार अनुरोध छ ।

दीपकप्रसाद ध्यौपाने
प्रशासकीय अधिकृत

फोन नः०१-५५५०३८७
फ्याक्स नः०१-५५५१५३२

# श्री ललितपुर जिल्ला अदालत

लगनखेल, ललितपुर

(५ नं. मुद्दा शाखा)/(मुद्दा नं.०७८-CP-०२०४)

मितिः२०७८।५।२

पत्र सं. २०७८/७९
चलानी नं. 078-40-000151

विषय- अन्तरकालिन आदेशको जानकारी पठाइएको सम्वन्धमा।

श्री प्रमुख ज्यू
ललितपुर महानगरपालिका,
पुल्चोक, ललितपुर।

उपरोक्त सम्वन्धमा वादी लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि.र प्रतिवादी ललितपुर महानगरपालिका पुल्चोक समेत भएको ज.खि. मेटाई नेपाल सरकारको नाममा दर्ता भएको जग्गा संरक्षण गरी फुटपाथलाई यथावत कायम गरी पाउँ मुद्दामा यस अदालतबाट मिति २०७८।५।२ गते तपाईं समेतको नाउमा अन्तरकालिन आदेश जारी भएको हुनाले सोको प्रतिलिपी यसै पत्रसाथ राखि पठाइएको छ, उक्त आदेशबमोजिम गर्नु हुन अनुरोध गरिन्छ ।

शाखा अधिकृत

श्री ललितपुर जिल्ला अदालत

इजलास

माननीय जिल्ला न्यायाधीश श्री देव कुमार गिरी

## आदेश

मुद्दा नं.०७८-CP-०२०४

मुद्दा :- जग्गा खिचोला मेटाई नेपाल सरकारको नाममा दर्ता भएको जग्गाको संरक्षण गरी फुटपाथलाई यथावत रुपमा कायम गरी पाँउ।

निवेदनः (रोक्का)

लालीगुराँस बहुउदेश्यीय संस्था ललितपुर ........................................................................वादी

विरुद्ध

ललितपुर महानगरपालिका समेत ........................................................................प्रतिवादी

| मिति | आदेशको ब्यहोरा | कैफियत |
|---|---|---|
| २०७८।५।२।४ | यसमा जग्गा खिचोला मेटाई नेपाल सरकारको नाममा दर्ता भएको जग्गाको संरक्षण गरी फुटपाथलाई यथावत रुपमा कायम गरी पाँउ भनी दिएको मुद्दाको अन्तिम कारवाही र किनारा नभए सम्मको लागी फुटपाथको रुपमा प्रयोग भई रहेको कि.नं. ३२७ को जग्गामा कुनै भौतिक संरचना निर्माण नगर्नु भनी अन्तरकालिन आदेश जारी गरीपाँउ भनी पेश गरेको निवेदन ब्यहोरा अध्ययन गरी वादी तर्फबाट उपस्थित बरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ तथा अधिवक्ता श्री रत्न अवालेले गर्नू भएको बहस समेत सुनियो।<br>उक्त निवेदन दावी सम्बन्धमा विचार गर्दा, कि.नं. ३२७ को जग्गा नेपाल सरकारको नाँउमा दर्ता रहेको देखिएको र उक्त जग्गा सडक फुटपाथको रुपमा प्रयोग भएको छ भन्ने मिसिल संलग्न फोटो समेतबाट देखिन्छ। ललितपुर महानगरपालिकाको बोर्ड बैठकले मिति २०६८।८।२५ मा निर्णय गरी समय फाल्चा पाटि पुन निर्माण गर्न अनुमति दिन नमिल्ने भनी निर्णय गरेको देखिन्छ। त्यसैगरी सडक डिभिजन कार्यालय ललितपुरको मिति २०७७।९।२४ को पत्रानुसार पनि उक्त कि.नं. ३२७ मा निर्माण कार्य रोक्नु भनी महानगरपालिकालाई पत्राचार गरेको देखिन्छ। काठमाडौ उपत्यका भित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स हरुमा गरिने निर्माण सम्बन्धी मापदण्ड २०६४ मा शाखा सडकको मापदण्ड केन्द्र रेखा देखि दुवै तर्फ ११/११ मिटर रहेको भन्ने देखिन्छ। त्यसरी हेर्दा उक्त कि.नं. ३२७ को जग्गा सडक सीमा भित्रै परेको देखियो। | |

९२५

(दफा १०३ को उपदफा (१) सँग सम्बन्धित)

मुद्दा नं: ०७८-CP-०२०४
मुद्दा: जग्गा खिचोला मेटाइ नेपाल सरकारको नाममा दर्ता भएको जग्गाको संरक्षण गरी फुटपाथलाई यथावत रूपमा कायम गरिपाऊँ
फाँट: फाँट-५
मार्ग: सरल मार्ग

ललितपुर जिल्ला अदालत बाट
प्रतिवादीको नाममा जारी भएको म्याद/इतलायनामा

को छोरा/छोरी/पति/पत्नी ............................................ जिल्ला ............................................ गा.बि.स./न.पा वडा नं ......... घर नं ......... टोल ............................................ बस्ने वर्ष ......... को तपाईं श्री श्री प्रमुख, ललितपुर महानगरपालिका, पुल्चोक, ललितपुर का नाउँमा मिति २०७८/०५/०१ मा श्री लालिगुराँस बहुउद्देश्यीय सहकारी संस्था लि. ले जग्गा खिचोला मेटाइ नेपाल सरकारको नाममा दर्ता भएको जग्गाको संरक्षण गरी फुटपाथलाई यथावत रूपमा कायम गरिपाऊँ मुद्दाको फिरादपत्र यस अदालत/कार्यालयमा दिएको हुनाले सो फिरादपत्रको प्रतिलिपि समेत यसैसाथ पठाइएको छ । यो म्याद/इतलायनामा तपाईंले पाए वा कानून बमोजिम टाँस भएको मितिले बाटोको म्याद बाहेक एक्काईस दिनभित्रमा प्रतिउत्तरपत्र र कानून बमोजिम आफ्नो लिखितको प्रमाण समेत लिई हाजिर हुन आफै आउनु वा कानून बमोजिम वारिस वा कानून व्यवसायी पठाउनु हुन सूचित गरिएको छ । म्यादभित्र प्रतिउत्तरपत्र लिई तपाईं आफैं वा वारिस वा कानून व्यवसायी मार्फत उपस्थित हुनु भएन भने सो मुद्दामा कानून बमोजिम फैसला हुनेछ र भविष्यमा त्यस विषयमा तपाईंको कुनै उजुर लाग्ने छैन ।

म्याद/इतलायनामा जारी गर्ने अधिकारीको –
दस्तखत :
नाम थर : विष्णु प्रसाद पाण्डेय
पद :
मिति :
तामेली मिति २०७८/०५/०२ गते

ल.पु.म.न.पा. कार्यालय
दर्ता नं.: २२५५
मिति: २०७८/५/२

क) म्याद/इतलायनामा बुझिलिनु पर्ने व्यक्तिले बुझिलिएकोमा

जग्गा खिचोला मेटाइ नेपाल सरकारको नाममा दर्ता भएको जग्गाको संरक्षण गरी फुटपाथलाई यथावत रूपमा कायम गरिपाऊँ विषयमा मेरो नाउँमा जारी भएको एक प्रति म्याद/इतलायनामा र फिरादपत्रको प्रतिलिपि समेत देहायका साक्षीहरूको रोहबरमा म आफैले बुझी लिएँ भनी दस्तखत गर्ने ..............................................................

ख) म्याद/इतलायनामा बुझिलिनु पर्ने व्यक्तिको एकाघरको परिवारको सदस्यले बुझिलिएकोमा

जग्गा खिचोला मेटाइ नेपाल सरकारको नाममा दर्ता भएको जग्गाको संरक्षण गरी फुटपाथलाई यथावत रूपमा कायम गरिपाऊँ विषयमा म्याद/इतलायनामावाला व्यक्तिले म्याद/इतलायनामा बुझ्न इन्कार गरेकोले/फेला नपर्दा निजको नाउँको यसै बमोजिमको एक प्रति म्याद/इतलायनामा र फिरादपत्रको प्रतिलिपि समेत देहायका साक्षीहरूको रोहबरमा बुझिलिएँ भनी दस्तखत गर्ने म्याद/इतलायनामावाला ....................को एकाघरको .................... नाताको वर्ष ........को ......................।

ग) म्याद/इतलायनामा बुझिलिनु पर्ने व्यक्तिको घरदैलोमा टाँस भएकोमा

जग्गा खिचोला मेटाइ नेपाल सरकारको नाममा दर्ता भएको जग्गाको संरक्षण गरी फुटपाथलाई यथावत रूपमा कायम गरिपाऊँ विषयमा म्याद/इतलायनामावाला ............र निजको एकाघरको उमेर पुगेको परिवारको सदस्य समेत घरमा फेला नपरेकोले/बुझ्न इन्कार गरेकोले निजको नाउँको म्याद/ इतलायनामा र फिरादपत्रको प्रतिलिपि समेत हामी देहायका साक्षीका रोहबरमा निजको घर दैलोमा सबैले देख्ने गरी टाँसी..... गा.पा./ .....न.पा.को वडा नं.. कार्यालयमा एक प्रति म्याद दिएको ठीक छ भनी दस्तखत गर्ने हामी देहायका मानिसहरू

घ) म्याद/इतलायनामा बुझिलिनु पर्ने व्यक्ति र घरद्वार फेला नपरी तामेल गर्नु परेकोमा

जग्गा खिचोला मेटाइ नेपाल सरकारको नाममा दर्ता भएको जग्गाको संरक्षण गरी फुटपाथलाई यथावत रूपमा कायम गरिपाऊँ विषयको यसै बमोजिमको म्याद/इतलायनामा बुझि लिनु पर्ने व्यक्ति वा निजको घर समेत खोज तलास गर्दा फेला नपरेकोले निजका नाउँको एक प्रति म्याद/इतलायनामा सम्बन्धित वडाको .........ठाउँ वा टोलको सार्वजनिक ठाउँ ...........(ठाउँ खुलाउने) .......मा टाँस गरी फिरादपत्रको प्रतिलिपि र तामेली म्याद/इतलायनामा फिर्ता पठाएका छौं भनी दस्तखत गर्ने देहायका मानिसहरू

साक्षी: माथि उल्लेखित खण्ड (........................................................) बमोजिम हामीहरुको रोहबरमा म्याद /इतलायनामा तामेली भएको ठीक हो भनी दस्तखत गर्ने

१) ........................जिल्ला ................ गा.वि.स / न.पा. वडा. नं ......... गाउँ/टोल ................. बस्ने वर्ष .......... का श्री ........................।

२) ........................जिल्ला ................ गा.वि.स / न.पा. वडा. नं ......... गाउँ/टोल ................. बस्ने वर्ष ..........का श्री ........................।

रोहबर ........................ जिल्ला ........................ गा.वि.स /न.पा. को सदस्य /सचिव ......................श्री/ श्रीमती ........................

घर दैलोमा टाँस भएकोमा/गाउँ, शहर वा टोल पत्ता नलागेकोमा

यसै बमोजिमको एक प्रति म्याद/इतलायनामा यस ................ गा.पा/.....न.पा.वडा नं. .. को कार्यालयको सूचना पाटीमा टाँस गर्ने साक्षी भयौं भनी दस्तखत गर्ने

दस्तखत :- ........................
कर्मचारी वा पदाधिकारीको नाम :- ........................
मिति :- ........................

काम तामेल गर्नेको
दस्तखत :- ........................
तामेलदारको नाम थर :- विष्णु कुमार३
मिति :- २०७८/०५/०२ गते

श्री ललितपुर जिल्ला अदालतमा दाएर गरेको

फिराद-पत्र

| | |
|---|---|
| ललितपुर महानगरपालिका वडा नं.३ पुल्चोक स्थित श्री लालीगुराँस बहुउदेश्यीय सहकारी संस्था लि.को तर्फबाट सो संस्थाका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्र भण्डारीको वारिस महालक्ष्मी नगरपालिका वडा नं.४ बस्ने वर्ष ५० बिरबज्र शाक्य............१ ३/४१३८२३८५ | फिरादीकर्ता वादी |

विरुद्ध

| | |
|---|---|
| श्री ललितपुर महानगरपालिका पुल्चोक, ललितपुर............................................१<br>श्री प्रमुख, ललितपुर महानगरपालिका, पुल्चोक, ललितपुर..............................१ | विपक्षी प्रतिवादी |

<u>मुद्दा : जग्गा खिचोला मेटाई नेपाल सरकारको नाममा दर्ता भएको जग्गाको संरक्षण गरी फुटपाथलाई यथावत रुपमा कायम गरि पाउँ ।</u>

विपक्षीहरुले अन्याय गरेको कुरा मुलुकी देवानी संहिता २०७४ को दफा २७७(१)(२),२८६ र २८७ त्यसैगरी मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १०, ८६,९१ बमोजिम निम्न लिखित प्रकरणहरमा उल्लेख गरेका छौ :

१. निवेदक श्री लालीगुराँस बहुउदेश्यीय सहकारी संस्था लि.(यसपछि सहकारी संस्था भनिएको) सहकारी ऐन, २०४८ बमोजिम स्थापित बहुउदेश्यीय सहकारी संस्था हो । यस सहकारी संस्थाले आफ्ना सदस्यहरुका वीच सहकारी ऐन, नियम र विनियम समेत बमोजिम आफ्ना सदस्यहरुबाट निक्षेप प्राप्त गर्ने र सदस्यहरुलाई कर्जा प्रवाह गरी हजारौ व्यक्तिहरुलाई रोजगारी प्रदान गर्दै नेपाल सरकार लगायत स्थानीय निकायमा तिर्नु, बुझाउनु पर्ने राजस्वहरु समेत समयमा नै बुझाउदै आइरहेका छौं ।

२. सहकारी संस्थाले अनिलराज भण्डारीबाट मिति २०६६।६।८ मा ल.पु.जि.म.न.पा.वडा नं.३ कि.न.४५६ र ४५७ को क्षेत्रफल ०-४-०-० र ०-४-०-२ घरजग्गा राजिनामा रजिष्ट्रेशन पास गरि लिएका थियौ । यस सहकारी संस्थाको कि.न.४५६ को पूर्वतर्फ रहेको कि.न.३२७

को क्षेत्रफल ०-१-०-१ जग्गा नेपाल सरकारको नाममा दर्ता रही साविक देखि नै सडक सीमाभित्र सार्वजनिक फुटपाथको रुपमा प्रयोग भई रहेको छ । कि.न. ३२७ को जग्गाको पश्चिमतर्फ रहेको जग्गा र यस सहकारी संस्थाका हकभोग घरजग्गा रही सो कि.न. ३२७ र कि.न.४५६ वीच भौतिक संरचना बनाउन सकिने कुनै जग्गा वाँकी रहेको छैन ।

३. नेपाल सरकारको नाममा दर्ता रहेको उक्त कि.न.३२७ जग्गामा साविक देखि समे फल्चा नभएको कुरा सर्भे नापी नक्सा र फिल्डबुकबाट समेत प्रमाणित भएको अवस्थामा ललितपुर महानगरपालिकाले बार्षिक नगर विकास योजनाको (Annual Municipal Development Plan) आर्थिक वर्ष २०७७।०७८ को अनुसूची १ को ५.३ मा "वडा नं.३ पुल्चोक लालीगुराँस सहकारी भवन अगाडि अवस्थित ऐतिहासिक धार्मिक समयफल्चा पाटी पुनः निर्माण गर्नको लागि भनि रु. ३०,००,०००।-(अक्षेरुपी तीस लाख रुपैयाँ) बजेट छुट्याई, यस सहकारी संस्थाले भवन निर्माण गर्दा पूर्वतर्फ मापदण्ड अनुसार छोडेको जग्गामा समेत पर्ने गरी हजारौ सदस्यहरु भएको यस सहकारी संस्थाको मूल प्रवेशद्वार नै बन्द हुने गरी सस्थाको संचालनमा नै बाधा पर्ने गरी पाटी निर्माण गर्नको लागि मिति २०७८।०५।०३ मा शिलान्यास गर्ने भन्ने कुरा थाहा जानकारी हुन आएको छ । तर ल.पु.म.न.पा.ले सो. कि.न. ३२७ जग्गामा समे फल्चा पाटी बनाउनको लागि बजेट छुट्याएको भएपनि लालीगुराँस सहकारी भवन अगाडि साविक देखि नै कुनै पनि ऐतिहासिक धार्मिक समे फल्चा पाटी रहेको छैन ।

४.मुलुकी देवानी संहिता २०७४ को दफा २७७ (१) मा "कसैले पनि अन्य व्यक्तिको सम्पत्ति च्यापी,मिचि वा कुनै तवरले खिचोला वा अतिक्रण गर्न हुन्दैन" भन्ने व्यवस्था गरेको छ भने सोही ऐनको दफा २७७(२) मा "उपदफा (१) बमोजिम कुनै काम गरी कसैले अन्य व्यक्तिको सम्पत्ति आफ्नो कब्जामा लिएमा निजले त्यस्तो सम्पत्ति खिचोलो वा अतिक्रमण गरेको मानिनेछ " भन्ने व्यवस्था गरेको छ । त्यसैगरी सोही ऐनको दफा ९१ (१) मा "यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको हक, हित वा सरोकार वा सार्वजनिक हित वा सरोकार निहित रहेको विवादमा अदालतको अनुमति लिई जुनसुकै व्यक्तिले फिराद दिन सक्नेछ" भन्ने व्यवस्था गरेको हुँदा फिरादीको आफ्नो हक स्वामित्व र नेपाल सरकारको हक स्वामित्व संरक्षणका लागि सम्मानित अदालत समक्ष यो फिराद पत्र लिई उपस्थित भएका छौं ।

५ काठमाडौं उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स.हरुमा गरिने निर्माण सम्वन्धी मापदण्ड, २०६४ को दफा १३ मा आर्टोरियल सडकअन्तर्गत पर्ने सडकको केन्द्रदेखि दुवैतर्फ ११।११ मिटरसम्म निर्माण कार्य गर्न नमिल्ने प्रस्ट व्यवस्था गरेको हुँदा ललितपुर महानगरपालिकाले पाटी बनाउन लागेको भनिएको खाली फुटपाथ जग्गा

सडक केन्द्र रेखाबाट ११ मिटर भित्र पर्ने नै भएको हुँदा सो कित्तामा पाटी बनाउन नमिल्ने प्रस्ट छ । त्यसैगरी स्थानीय प्रशासन ऐन,२०२८ को दफा ९(६क) मा "सरकारी जग्गा, सार्वजनिक जग्गा वा सामुदायिक जग्गामा आफ्नो हक कायम नभई कसैले घर बनाउन हुँदैन । कसैले त्यस्तो जग्गामा घर बनाएमा वा बनाउन प्रयत्न गरेमा प्रमुख जिल्ला अधिकारीले त्यस्तो व्यक्तिलाई घर बनाउन रोक्का गर्ने आदेश दिन सक्नेछ । त्यस्तो आदेश दिंदा घर बनाई सकेको वा बनाइरहेको भए एक महिनाभित्र घर भत्काई नलगेमा त्यस्तो घर बनाउनेलाई प्रमुख जिल्ला अधिकारीले पाँच हजार रुपैयासम्म जरिवाना गरी त्यस्तो घर भत्काउन सक्नेछ र त्यसरी घर भत्काउँदा लागेको खर्च समेत सम्वन्धित व्यक्तिबाट असुल गर्न सक्नेछ" भन्ने व्यवस्था गरिएको छ भने स्थानीय सरकार सञ्चालन ऐनको दफा ४५(२) मा "गाउँपालिका तथा नगरपालिकाले राष्ट्रिय तथा प्रदेश स्तरीय सडकको दाँया वायाँ अधिकारक्षेत्र (राइट अफ वे) को मापदण्ड पालना गर्नु गराउनु पर्नेछ" भन्ने व्यवस्था गरेको छ र भवन ऐन २०५५ को दफा १२ मा मापदण्ड विपरीतको नक्सा स्वीकृति गर्न नहुने सम्वन्धमा व्यवस्था गरेको छ । फिरादीको जग्गा मिचिने गरी फुटफाथ समेतमा यदि पाटी बनाइएमा यी सबै कानूनहरूको एकैसाथ उल्लघन हुन्छ ।

६.त्यसैगरी समे फल्चा पाटी निर्माण गर्न भनी केही व्यक्ति मिली पाटी समे फल्चा पुनः निर्माण समिति २०५७ को नामबाट कारवाई चलेकोमा डिभिजन सडक कार्यालय ललितपुरले मिति २०६७।०९।२८ च.न. ५४९ बाट सडक केन्द्र बिन्दुबाट ११/११ मिटर भित्र पर्ने सरकारी जग्गामा निर्माण गर्न नमिल्ने भएकोले निमार्ण नगर्नु नगराउनु अन्यथा सार्वजनिक सडक ऐन २०३१ बमोजिम कारवाही हुने भनि पत्राचार गरि सो को बोधार्थ ललितपुर उ.म.न.पा.पुल्चोक समेतलाई दिएको थियो र विपक्षी महानगरपालिकाको पूर्ववर्ती ललितपुर उप-महानगरपालिकाको बोर्ड बैठकबाट सो ठाउँ नेपाल सरकारको स्वामित्वमा रहेको सो जग्गामा सडक फुटपाथसमेत देखिएको,सडक विभाग डिभिजन कार्यालयले पाटी निर्माण गर्न दिन नहुने भनी लेखि आएको, काठमाडौं उपत्यका नगर विकास योजना कार्यान्वयन समितिको मापदण्ड, २०६४ को दफा १३ अनुसार सडक केन्द्र रेखाबाट दुवैतर्फ ११/११ मिटर स्थायी खालको निर्माण कार्य गर्न नपाइने मापदण्ड रहेको, सो निर्माण गरिने कार्य कि.नं.३२७ सडक सीमाभित्रै रहेको देखिएकोले उक्त कित्तामा पाटी निर्माण गर्न अनुमति दिन नमिल्ने र समे फल्चा पाटी पुनःनिर्माण समितिको मागअनुसार आर्थिक सहयोगसमेत दिन नमिल्ने भनि २०६८।०८।२५ मा निर्णय गरेको छ । अहिले पनि सोही सडक डिभिजन, ललितपुरले मिति २०७७।९।२४ च.नं. २२० को पत्र मार्फत ललितपुर महानगरपालिकालाई पत्राचार गरि पाटी निर्माण गर्न लागेको

भनिएको जग्गा सडक केन्द्र बिन्दुबाट ११/११ मिटर भित्रको सरकारी जग्गा भित्र पर्ने भएको आधारले समेत निर्माण गर्न नमिल्ने भएकोले निर्माण नगराउनु भनि पत्राचार गरि सो पत्रको बोधार्थ श्री जिल्ला प्रशासन कार्यालय ललितपुरलाई समेत दिएको छ भने ल.पु.म.न.पा.वडा नं.३ वडा कार्यालयको च.न.९५८/०७२/०७३ बाट यस सहकारी संस्थालाई चार किल्ला सम्बन्धमा दिएको पत्रमा कि.न. ४५६,४५७, को पूर्वतर्फ मेन सडक उल्लेख गरेको छ । यस जिल्ला प्रशासन कार्यालय ललितपुरले पनि मिति २०७८।०३।२५ च.न. ६९५० बाट ललितपुर महानगरपालिका पुल्चोक ललितपुरलाई पत्राचार गरी उक्त कित्तामा निर्माण कार्य रोक्का राख्नको लागि आदेश समेत भएको हुँदा यस सहकारी संस्थाको जग्गा र नेपाल सरकारको जग्गा समेत मिचेर पाटी (समे फल्चा) निर्माण गर्ने भन्ने उल्लिखित निर्णय, आदेश तथा माथि उल्लेखित सम्पूर्ण कानूनहरु समेत एकसाथ उल्लघंन हुनुको साथै हजारौ सदस्यहरु भएको यस सहकारी संस्थाको मूल प्रवेशद्वार नै बन्द भई संस्था संचालनमा नै बाधा पर्ने गरी पाटी निर्माण गर्न लागेको हुँदा सम्मानित अदालतबाट स्थलगत नापी नक्सा समेत गराई फिरादीको माग दाबी बमोजिम फिरादीको जग्गा र नेपाल सरकारको नाममा दर्ता रहेको उक्त कि.न.३२७ जग्गा समेत संरक्षण गरी यथावत रुपमा फुटपाथ कायम गरी पाउँ ।

७. अत: माथि प्रकरणहरुमा उल्लेख गरे अनुसार नेपाल सरकारको नाममा दर्ता रहेको कि.न. ३२७ को जग्गामा पाटी (समे फल्चा) बनाउन नमिल्ने भएको र सो कि.न. ३२७ को पश्चिमतर्फ यस लालीगुराँस बहुउदेश्यीय सहकारी संस्था लिमिटेडको कि.न.४५६ घर जग्गा भई सो दुई कित्ता को बिचमा पाटी बनाउनका लागि कुनै पनि जग्गा नरहेको हुँदा विपक्षी ललितपुर महानगरपालिकाको समे फल्चा पाटी निर्माणका लागि बजेट छुट्याएको निर्णय समेतका काम कारवाही बदर गरी सार्वजनिक फुटपाथ रहेको नेपाल सरकारको स्वामित्वको कि.न. ३२७ को जग्गा र फिरादीको घरजग्गाको पूर्वतर्फको भाग हिस्सामा खिचोला मेटाई पाउँ र पाटी निर्माण गर्न नपाउने गरी उपरोक्त बमोजिम संरक्षण गरी पाउँ ।

८.यो फिराद पत्र मुलुकी देवानी कार्यविधि संहिता २०७४ को दफा १८(१),(२) बमोजिम यसै अदालतको अधिकार क्षेत्रभित्र पर्दछ ।

९.यो फिराद पत्र मुलुकी देवानी संहिता २०७४ को दफा २८६ बमोजिम हदम्याद भित्र रहेको छ ।

१० प्रस्तुत विषयमा अन्यत्र फिराद गरेको छैन ।

११. प्रतिवादीहरलाई अदालतबाट नै म्याद तामेली गरी पाउँ ।

१२. यो फिराद पत्र दर्ता गर्ने हाल कानून व्यवसायी नियुक्त गरेको छैन । पछि नियुक्त हुने कानून व्यवसायीको बहश जिकिर तथा निजद्वारा पेश गर्नु हुने नजिरहरुलाई समेत यसै फिराद पत्रको अभिन्न अंग मानी पाउँ ।

१३.यो फिराद पत्र दर्ता गर्न लाग्ने दस्तुर यसै साथ दाखिल गरेका छौं ।

१४ फिराद दाबीलाई पुष्टी हुने प्रमाण :

क. मिति २०६७।९।२८ च.न.५४९ र मिति २०७७।०९।२४, च.न, २२० को डिभिजन सडक कार्यालय, ललितपुरको पत्रको प्रतिलिपी ।

ख. मिति २०६८।८।२५ मा ललितपुर उप-महानगरपालिकाको बोर्ड बैठकको निर्णयको प्रतिलिपी

ग.सर्भे नापी नक्साको फोटोकपी ।

घ.काठमाडौ उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स.हरुमा गरिने निर्माणसम्वन्धी मापदण्ड २०६४ को दफा १३ को फोटोकपी ।

ङ.आर्थिक वर्ष २०७७।०७८ को बार्षिक नगर विकास योजना अनुसूची १ को फोटोकपी ।

च. जग्गा धनी प्रमाण पूर्जाको फोटोकपी ।

छ. ल.पु.म.न.पा.वडा नं. ३ कार्यालयबाट चार किल्ला सम्वन्धमा दिएको पत्रको प्रतिलिपी ।

ज.नागरिकता प्रतिलिपी ।

१५. साक्षी :

क. धादिङ जिल्ला रोर्तुङ गा.वि.स. वडा नं. ७ पर भई हाल ल.पु.जि. महालक्ष्मी नगरपालिका वडा नं.८ बस्ने वर्ष २६ को प्रकाश तामाङ ।

ख.गोरखा जिल्ला थालाजुङ गा.वि.स. वडा नं.३ पर भइ हाल टोखा न.पा. वडा नं.६ गोगबु बस्ने वर्ष २४ को असिम खनाल ।

१६.माथि लेखिएको व्यहोरा ठीक सॉचो छ, झूठाठहरे कानून बमोजिम सहुँला बुझाउँला ।

फिरादीकर्ता

निज वा.बिरबज्र शाक्य ।

इति सम्वत् २०७८ साल भद्र महिना...... गते रोज.... शुभम् ..........................